# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, असार २५ गते २०३६ साल**

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ को सरकार नेपाल र सङ्घीय गणतन्त्र जर्मन सरकारका बीच भएको आर्थिक सहयोगसम्बन्धी सम्झौताको नेपाली र अंग्रेजी प्रति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

श्री ५ को सरकार, नेपाल
तथा
संघीय गणतन्त्र जर्मन सरकारका
बीच
आर्थिक सहयोगसम्बन्धी सम्झौता

श्री ५ को सरकार, नेपाल
र
संघीय गणतन्त्र जर्मन सरकार

नेपाल अधिराज्य र सङ्घीय गणतन्त्र जर्मनीका बीच कायम रहेको मैत्री सम्बन्धको भावना अनुकूल,

विकास सहायताको क्षेत्रमा फलदायी सहयोगबाट ती मैत्रीपूर्ण सम्बन्धहरूलाई अझ बढी सुदृढ र गहन तुल्याउन इच्छुक भई,

ती सम्बन्धहरूको पालना नै वर्तमान सम्झौताको आधार हो भन्ने अवगत गरी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल अधिराज्यको आर्थिक तथा सामाजिक विकासमा अझ बढी योगदान पुऱ्याउने अभिप्रायले, देहायबमोजिम गर्न सहमत भएका छन्:–

## दफा १

सङ्घीय गणतन्त्र जर्मन सरकारले श्री ५ को सरकार नेपाललाई हालको लागि गैर सैनिक आवश्यकताहरू पूरा गर्न चाहिने सामान तथा सेवाहरू खरीद गर्न आवश्यक पर्ने विदेशी मुद्रामा हुने खर्च व्यहोर्नु र साथै यस सहायता अन्तर्गत खर्च व्यहोरी आयात गरिने सामानहरूको ढुवानी, बीमा तथा जडानका लागि विदेशी विनिमय तथा स्थानीय मुद्रामा खर्च हुने खर्चसमेत व्यहोर्न क्रेडिटान्स्टाल्ट फर वेदरफवाउ (विकास ऋण निगम) फ्रयाङ्कफर्ट मेनबाट १ करोड जर्मन मार्कसम्मको आर्थिक सहायता (अनुदान) उपलब्ध गराउनेछ। यी सर-सामान तथा सेवाहरू यस सम्झौताको अनुसूचीमा उल्लेख गरिएको र त्यसको लागि आपूर्ति वा सेवा करार ३१ डिसेम्बर १९७७ भन्दा पछि गरिएको हुनुपर्नेछ।

## दफा २

यस आर्थिक सहायता (अनुदान) उपयोगका साथै यसका शर्तहरू जसको आधारमा यो सहायता उपलब्ध गराइनेछ, श्री ५ को सरकार तथा क्रेडिटान्स्टाल्ट फर वेदरफवाउ बीच सम्पन्न हुने आर्थिक सहायता (अनुदान) सम्झौताका शर्तहरूद्वारा निर्दिष्ट हुनेछन् जुन सम्झौता सङ्घीय गणतन्त्र जर्मनीमा लागू हुने कानूनी व्यवस्थाको अधीनमा हुनेछ।

## दफा ३

श्री ५ को सरकार, नेपालले यस सम्झौताको दफा २ मा उल्लेख भए अनुसारको सम्झौता सम्पन्न हुँदा वा त्यसका कार्यान्वयन हुने बखतमा क्रेडिटान्स्टाल्ट फर वेदरफवाउलाई नेपाल अधिराज्यमा लगाइएका सबै करहरू र सार्वजनिक दस्तूरहरूबाट छुट दिनेछ।

## दफा ४

श्री ५ को सरकार, नेपालले यात्रुहरू तथा सर-सामान आपूर्तिकर्ताहरूलाई, यो सहायता उपलब्ध गराउने क्रममा, व्यक्तिहरू तथा वस्तुहरू स्थल, जल वा हवाई मार्गद्वारा ढुवानी गर्नका लागि यातायात संस्थाहरूको स्वतन्त्र छनौट गर्न छुट दिनेछ र यो सम्झौता लागू हुने जर्मन क्षेत्रभित्र व्यापारमा संलग्न रहेका यातायात संस्थाहरूलाई समान शर्तहरूको आधारमा ढुवानी गर्न पाउनुबाट रोक्ने वा बाधा पुऱ्याउने कुनै कदम चाल्ने छैन र यस्तो संस्थाहरूलाई भाग लिनका लागि आवश्यक अनुमतिपत्रहरू प्रदान गर्नेछ।

## दफा ५

यस सहायताबाट उपलब्ध हुने सर-सामानहरूको सम्बन्धमा बर्लिन भूमिको आर्थिक संभाव्यताहरूको प्राथमिकता पूर्ण उपयोग गरिन सङ्घीय गणतन्त्र जर्मन सरकार विशेष महत्व दिन्छ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा ६

यो सम्झौता लागू भएको मितिले तीन महीनाभित्र सङ्घीय गणतन्त्र जर्मन सरकारले श्री ५ को सरकार, नेपाललाई विपरीत घोषणाद्वारा सूचना नगरेमा हवाई यातायातसम्बन्धी दफा ४ मा गरिएको व्यवस्थाबाहेक यो सम्झौता बर्लिन भूमिमा पनि लागू हुनेछ।

दफा ७

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

काठमाडौंमा कार्तिक १३, २०३५ मा नेपाली, जर्मन र अंग्रेजी भाषाका दुई दुई मूल प्रतिहरूमा हस्ताक्षर भयो। तीनवटै मूल प्रतिहरू समानरूपले मान्य हुनेछन्, यी नेपाली तथा जर्मन भाषाहरूको मूल प्रतिहरूमा विभिन्नता भएमा अंग्रेजी भाषाको मूल प्रति मान्य हुनेछ।

श्री ५ को सरकारका तर्फबाट | सङ्घीय गणतन्त्र जर्मन सरकारका तर्फबाट

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार, नेपाल तथा सङ्घीय गणतन्त्र जर्मन सरकारका बीच सन् १९७८ मा आर्थिक सहयोग सम्बन्धमा भएको सम्झौताको दफा १ बमोजिमको

## अनुसूची

माथि उल्लेख गरिएको सम्झौताको दफा १ अनुसारको १ करोड जर्मन मार्कसम्मको आर्थिक सहायता (अनुदान) बाट खर्च व्यहोर्न सकिने सरसामानहरू तथा सेवाहरूको सूची:–

१. औद्योगिक कच्चा तथा सहायक पदार्थहरू र अर्ध निर्मित औद्योगिक वस्तुहरू,

२. औद्योगिक उपकरणहरू, कृषि औजार एवं सामानहरू र भू-क्षय नियन्त्रणका लागि आवश्यक सर-सामानहरू,

३. सबै किसिमका जगेडा सर-सामान र उपसाधनहरू,

४. रसायनिक उत्पादनहरू,

५. नेपाल अधिराज्यको विकासमा उपयोगी अन्य औद्योगिक उत्पादनहरू,

६. सल्लाहकार सेवाहरू, सुरक्षण (पेटेन्टस्) र अनुज्ञापत्रहरू (लाइसेन्सेज) ।

माथि दिइएको सूचीमा संलग्न नगरिएका सामानहरूको आयातका लागि लाग्ने खर्च सङ्घीय गणतन्त्र जर्मन सरकारको पूर्व स्वीकृति प्राप्त गरेर मात्र व्यहोर्न सकिनेछ ।

व्यक्तिगत आवश्यकताका उपभोग्य वस्तुहरू खासगरी विलासिताका वस्तुहरू र साथै सैनिक उद्देश्य पूर्ति गर्ने सर-सामान तथा सुविधाहरूको आयातका लागि लाग्ने खर्च यो सहायता (अनुदान) बाट व्यहोरिने छैन ।

मुद्रण विभाग, सिंहदरबार

१६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# Agreement
## between
## His Majesty's Government of Nepal
## and
## the Government of the Federal Republic of Germany
## concerning Financial Co-operation

His Majesty's Government of Nepal

and

The Government of the Federal Republic of Germany,

in the spirit of the friendly relations existing between the Kingdom of Nepal and the Federal Republic of Germany,

desiring to further strengthen and intensify those friendly relations by fruitful co-operation in the field of development assistance,

aware that the maintenance of those relations constitutes the basis of the present Agreement,

intending to further contribute to economic and social development in the Kingdom of Nepal, have agreed as follows:

### Article 1

The Government of the Federal Republic of Germany shall enable His Majesty's Government of Nepal to obtain from the Kreditanstalt fur Wiederaufbau (Development Loan Corporation), Frankfurt/Main, a financing contribution (grant) of up to DM 10,000,000 (ten million Deutsche Mark) to meet foreign exchange costs resulting from the purchase of goods and services to cover current civilian requirements as well as foreign exchange and local currency costs for transport, insurance and assembly arising in connection with the importation of goods financed from the assistance. These supplies and services must be such as are covered by the list annexed to the present Agreement and for which supply or service contracts have been concluded after 31 December 1977.

### Article 2

The utilization of the financing contribution (grant) as well as the terms and conditions on which it is granted shall be governed by the provisions of the financing (grant) agreement to be concluded between His Majesty's Government of Nepal and the Kreditanstalt fur Wiederaufbau, which shall be subject to the laws and regulations applicable in the Federal Republic of Germany.

### Article 3

His Majesty's Government of Nepal shall exempt the Kreditanstalt fur Wiederaufbau from all taxes and other public charges levied in the King-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

dom of Nepal at the time of the conclusion, or during the implementation, of the agreement referred to in Article 2 of the present Agreement.

Article 4

His Majesty's Government of Nepal shall allow passengers and suppliers free choice of transport enterprises for such transportation by land, sea or air of persons and goods as results from the granting of the contribution, abstain from taking any measures that might exclude or impair the participation on equal terms of transport enterprises having their place of business in the German area of application of the present Agreement,and grant permits for the participation of such enterprises as required.

Article 5

With regard to supplies and services resulting from the granting of the contribution, the Government of the Federal Republic of Germany attaches particular importance to preferential use being made of the economic potential of Land Berlin.

Article 6

With the exception of those provisions of Article 4 which refer to air transport, this Agreement shall also apply to Land Berlin, provided that the Government of the Federal Republic of Germany does not make a contrary declaration to His Majesty's Government of Nepal within three months of the date of entry into force of this Agreement.

Article 7

The present Agreement shall enter into force on the date of signature thereof.

DONE at Kathmandu on 30 th October 1978 in duplicate in the Nepali, German and English languages, all three texts being authentic. In case of divergent interpretations of the Nepali and German texts the English text shall prevail.

For His Majesty's Government of Nepal

For the Government of the Federal Republic of Germany

१५८ 

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## Annex pursuant to Article 1

the Agreement of 30th October 1978 between His Majesty's Government of Nepal and the Government of the Federal Republic of Germany concerning Financial Co-operation.

List of goods and services eligible for financing from the financing contribution (grant) up to a total value of DM 10,000,000 (ten million Deutsche Mark) under Article 1 of the aforementioned Agreement:

1. Industrial raw and auxiliary materials as well as semi-manufactures,
2. industrial equipment as well as agricultural machinery and implements and equipment for erosion control measures,
3. spare parts and accessories of all kinds,
4. chemical products,
5. other industrial products of importance for the development of the Kingdom of Nepal,
6. advisory services, patents and licences.

Imports not included in the above list may only be financed with the prior approval of the Government of the Federal Republic of Germany.

The importation of consumer goods for personal needs, especially luxury goods, as well as any goods and facilities serving military purposes, may not be financed from the contribution (grant).

आज्ञाले–
परमानन्द झा
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।